# दार्मा गाउँपालिका, गाउँसभाको १९ औं अधिवेशनमा उपाध्यक्ष श्री जुना मल्ल चन्दज्यूद्धारा प्रस्तुत
# आर्थिक बर्ष २०८३/८४ को

## बजेट बक्तव्य

**दार्मा गाउँपालिका, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**सभाका अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु।**

१. नेपालको संविधानको धारा २३० बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले मेरो कार्यकालको पाचौँ बजेटको रुपमा आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न यस सम्मानीत गाउँसभामा उपस्थित हुन पाउँदा गौरब महसुस गरेको छु।

२. यस बजेटले दार्मा गाउँपालिकाको सामाजिक, आर्थिक, सास्कृतिक, प्रविधि र दीगो पूर्वाधार विकासमा अहम भूमिका खेल्ने अपेक्षा राखेको छु।

३. यस अवसरमा जनआन्दोलन, जनयुद्ध र जेन्जी आन्दोलन लगायत विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पन गर्दछु। यस क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिको स्वास्थ्य लाभको कामना सहित सम्पूर्ण योद्धाहरुको स्मरण गर्दै सबैमा उच्च सम्मान व्यक्त गर्दछु।

४. दार्माको कठिन भूगोल, सीमित स्रोत साधन, प्राकृतिक स्रोतको न्यून उपयोग, न्यून आन्तरिक राजश्व परिचालन तथा दक्ष प्राविधिक जनशक्तिको अभावमा उपलव्ध स्रोतको प्रभावकारी उपयोग हुन सकेको छैन। सीमित स्रोतसाधनको अधिकतम उपयोग गरी दार्माको बेरोजगारी, विपन्नता, न्यून उत्पादनलगायतका मूलभूत समस्याहरुको सार्थक समाधान गर्ने दिशामा बजेट केन्द्रित गरेको छु।

**सभाका अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु।**

अब म गत आर्थिक बर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५. चालु आ.व. २०८२/०८३ मा कुल शंसोधित आयअनुमान रु**. ४६ करोड ३४ लाख २० हजार** गरिएकोमा हालसम्म **३८ करोड ८९ लाख ५४ हजार ६०४** रकम अर्थात आय अनुमानको **८३.२२** प्रतिशत आम्दानी भएको छ। गत आ.ब. २०८१/८२ को सोहि अवधिमा लक्ष्यको ८८.२२ प्रतिशत आम्दानी भएको थियो। आन्तरिक आय तर्फ रु. ७७ लाख ५३ हजार**को** लक्ष्य

राखिएकोमा २०८३ असारको पहिलो हप्तासम्म रु. **३५ लाख ५ हजार ३३९** अर्थात लक्ष्यको ५७. १ प्रतिशत राजश्व सङ्कलन भएको छ।

६. संशोधित व्यय अनुमान रु**. ४६ करोड ३४लाख २० हजार ३६६ गरिएकोमा** २०८३ असारको पहिलो हप्तासम्ममा रु. २८ करोड ७५ लाख ६१ हजार २८७ अर्थात ६२.०५ प्रतिशत खर्च भएको छ । चालुखर्च तर्फ **रु. ३० करोड ९६ लाख ०७ हजार ५५४** विनियोजन गरिएकोमा २०८३ असारको पहिलो हप्तासम्ममा रु. **२० करोड ५६ लाख ६३ हजार ४६०** अर्थात **६६.४३ प्रतिशत खर्च भएको छ।** पूँजिगत खर्च तर्फ रु**. १५ करोड ३८ लाख १२ हजार ४४६** विनियोजन गरिएकोमा २०८३ असार पहिलो हप्तासम्म रु. **८ करोड १८ लाख ९७ हजार ८२६** अर्थात **५३.२५ प्रतिशत खर्च भएको छ।** गत आ.व. को सोही अवधिमा कुल खर्च **७१ .८२ प्रतिशत** थियो भने चालु खर्च र पूँजिगत खर्च क्रमश: ७७.६६ प्रतिशत र ५७.१८ प्रतिशत रहेको थियो।

७. चालु आर्थिक बर्षको असार मसान्तसम्म आय **रु. ४३ करोड ९२ लाख २९ हजार ८२२** रहने अनुमान गरिएको छ। खर्चतर्फ चालुखर्च करिब **रु. २८ करोड २४ लाख ५४** हजार ९७१ र पूँजिगत तर्फ **रु . १३ करोड १२ लाख ४८ हजार १६०** खर्च हुने अनुमान गरिएको छ। भने संघीय र प्रदेश सरकारको शशर्त अनुदान तर्फको फिर्ता हुने रकम रु. **१ करोड ४३ लाख** रकम निकासा फिर्ता हुने अनुमान गरिएको छ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु।**

अब म आगामी वर्ष २०८३/०८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु। बजेटका उद्देश्यहरु निम्नअनुसार प्रस्तुत गरिएको छ।

(क) कृषि क्षेत्रको उत्पादन, बजारीकरण गरी कृषकको आयस्तर सुधार गर्ने।

(ख) प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन र मितव्ययीता कायम गर्दै बेरुजु शुन्य पालिका बनाउने।

(ग) आर्थिक, भौतिक, सामाजिक र वातावरणीय क्षेत्रको दीगो पूर्वाधार विकास मार्फत समून्नत र सुदृढ गाउँपालिका बनाई राष्ट्रको विकासमा टेवा पुर्याउने।

(घ) उपलव्ध स्रोत साधन, श्रम शक्ति, पूँजी र प्रविधिको अधिकतम प्रयोग गरी रोजगारी सिर्जना र गरिबी निवारण गर्ने।

(ङ) विकास साझेदारसँगको निरन्तर सहकार्य मार्फत रोजगारीको अबसर सिर्जना गर्ने ।

**सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरु।**

❖ अव म आर्थिक वर्ष २०८३/०८४ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नअनुसार प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. कृषि तथा पशु विकास
२. सहकारी तथा उद्यम विकास
३. शिक्षा युवा तथा खेलकुद विकास
४. स्वास्थ्य तथा सरसफाई तथा पोषण
५. लैङ्गिक समानता, सामाजिक समावेशिकरण र सास्कृतिक विकास
६. पूर्वाधार विकास
७. वन वातावरण, पर्यटन र विपद व्यवस्थापन
८. न्यायिक समिति र योजना कार्यान्वयन
९. क्षमता विकास संस्थागत सुशासन र सूचना सञ्चार

➢ बजेटले राखेका उदेश्य एवं प्राथामिकता कार्यान्वायन गर्न संघीय सरकार, प्रदेश सरकार , अन्य स्थानीय तहहरु, विभिन्न संघसंस्था नीजि तथा सहकारी क्षेत्रसँग समन्वय एवं साझेदारी गरिने छ । वार्षिक बजेट तथा कार्यक्रमलाई बजेटका प्राथमिकता तथा उद्देश्यसँग तादाम्यता कायम गर्ने अधिकतम प्रयास गरिएको छ।

**सभाका अध्यक्ष एवं**

**गाउँसभाका सदस्यज्यूहरु।**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को कुल आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

८. नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आ.व. २०८३/८४ को कुल व्यय रु. ४२ करोड १७ लाख ६४ हजार २१२ रहेको छ। यसका लागि आन्तरिक आय रु. ४० लाख, अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट रु. ३२ करोड ७२ लाख ८६ हजार, केन्द्र तथा प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु. ८ करोड ७४ लाख ७८ हजार ३९२ र अघिल्लो बर्षको बैंक मौज्दातबाट रु. ३० लाख रुपैयाँ प्राप्त हुने प्रक्षेपण गरिएको छ।

९. अन्तरसरकारी अख्तियारीबाट प्राप्त हुने अनुमानित **रु. १० करोड ५० लाख** अन्तरसरकारी अख्तियारी शिर्षकबाटै खर्च तथा लेखांकन हुनेछ।।

**अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहान्छु।**

१०. यस बर्ष भुक्तानी हुन नसकेका चालु कार्यक्रम तथा पूँजिगत आयोजनाहरुको भुक्तानीको लागि एकमुष्ट रु. १ करोड ४० लाख बजेट विनियोजन गरिएको छ।

११. वडा कार्यालयको प्रशासनिक खर्च र साना आयोजनाहरु निर्माणको लागि एकमुष्ट रु. १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

**आर्थिक विकास**

**कृषि तथा पशु|पंक्षी विकास**

१२. उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको लागि रु. ६ लाख बजेट विनियोजन गरिएको छ।

१३. कृषकको मागमा आधारित कृषि कार्यक्रमको लागि रु. ३ लाख ८० हजार बजेट विनियोजन गरिएको छ।

१४. खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रमको लागि रु. ३ लाख बजेट विनियोजन गरिएको छ।

१५. तरकारी बाली प्रवर्द्धन कार्यक्रमको लागि रु. ४ लाख बजेट बजेट विनियोजन गरिएको छ।

१६. अलैंची खेती प्रवर्द्धन कार्यक्रमको लागी रु. ४ लाख बजेट विनियोजन गरिएको छ।

१७. उत्कृष्ट कृषक सम्मान, नवीनतम प्रविधि प्रदर्शन, च्याउ खेती प्रवर्द्धन, मागमा आधारित स्थलगत कृषक तालिम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम तथा आकस्मित बाली संरक्षणको लागि एकमुष्ट रु. ४ लाख २० हजार रुपैया विनियोजन गरिएको छ।

१८. उत्पादनमा आधारित (दुध र मासु) अनुदान कार्यक्रमको लागि एकमुष्ट रु. १५ लाख बजेट विनियोजन गरिएको छ।

१९. पशुपन्छीको औषधि खरिद र ढुवानी रु. १० लाख बजेट विनियोजन गरिएको छ।

२०. प्रयोगशालाका लागि उपकरण तथा परीक्षण व्यवस्थापन र रेविज विरुद्दको खोप कार्यक्रमको लागि एकमुष्ट रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

**उद्यम, वन भूमी तथा पर्यटन विकास**

२१. साना तथा घरेलु उद्यमी सृजनाको लागि रु. ४ लाख विनियोजन गरिएको छ।

२२. वन तथा वातावरण संरक्षणका कार्यक्रम सञ्चालनको लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

२३. भूमी व्यवस्था सहकारी र वित्तीय सेवाको लागि रु. २ लाख तथा पर्यटन प्रवर्द्धनको कार्यक्रम सञ्चालनको लागि रु. २ लाख बजेट विनियोजन गरिएको छ।

**सामाजिक विकास**

**शिक्षा युवा तथा खेलकुद**

२४. बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा पालिका अनुदानका शिक्षकहरुको पारिश्रमिकको लागि एकमुष्ठ अनुदान वापत रु. २ करोड २५ लाख बजेट विनियोजन गरिएको छ।

२५. शुन्य उपकरण भएका विद्यालयहरुलाई विद्युतीय उपकरण(कम्प्युटर,प्रिन्टर) लगायतको सामाग्री व्यवस्थापनको लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

२६. विद्यालयमा विद्युतिय हाजिरी जडानको लागि रु. ४ लाख बजेट विनियोजन गरिएको छ।

२७. आन्तरिक र बाह्य परीक्षा व्यवस्थापनको लागि लागि रु. ८ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

२८. शिक्षा सम्बन्धी अन्य नियमित कार्यक्रम सञ्चालनको लागि रु. १० लाख बजेट विनियोजन गरिएको छ।

२९. राष्ट्रपति रनिङशिल्ड, शहीद स्मृतिकप खेलकुद  तथा अन्य खेलकुद कार्यक्रम सञ्चालनको लागि रु. २० लाख बजेट विनियोजन गरिएको छ ।

३०. युवा उद्यम प्रवर्द्धनको लागि युवा मेला, युवा क्लब तथा खेल समूहलाई खेलकुद सामाग्री व्यवस्थापन तथा सामाजिक सञ्जालको सकरात्मक प्रयोग तथा डिजिटल नागरिक सम्बन्धी युवाहरुलाई अभिमुखिकरण कार्यक्रमको लागि एकमुष्ट रु. ५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

**स्वास्थ्य तथा सरसफाई र पोषण**

३१. आधारभुत स्वास्थ्य सेवाको लागि नि:शुल्क औषधि खरिदको लागि रु. १५ लाख बजेट विनियोजन गरिएको छ ।

३२. नागरिक आरोग्य केन्द्रको नि:शुल्क औषधि खरिदको लागि रु. ४ लाख बजेट विनियोजन गरिएको छ ।

३३. आधारभुत अस्पताल संचालनको लागि सामाग्री तथा स्वास्थ्य संस्थाहरुमा ल्यापटप तथा कम्प्युटर व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

३४. स्वास्थ्य आमा समूहलाइ सक्रिय बनाउनको लागि मासिक बैठक र बैठकको लागि स्वास्थ्यकर्मी परिचालनको लागि रु. ३ लाख २४ हजार बजेट विनियोजन गरिएको छ ।

३५. स्वास्थ्य प्रोफाइल तयारी, सामुदायिक महिला स्वास्थ्य स्वंमसेविकाहरुको लागि सामाग्री व्यवस्थापन, जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्द्धन, परामर्श र स्वास्थ्य परीक्षणको लागि र योग शिक्षा कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छश्र

३६. प्रसुति केन्द्रमा MNH Onsite Coaching को लागि र जिल्ला बाट पालिका र पालिकाबाट खोपकेन्द्र सम्ममा खोप ढुवानी गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३७. पोषणमैत्री पालिका निर्माणको लागि कार्यक्रम सञ्चालन गर्न रु. ६ लाख बजेट विनियोजन गरिएको छ।

**लैङ्गिक समानता, सामाजिक समावेशिकरण र संस्कृतिक विकास**

३८. विभिन्न दिवसीय कार्यक्रमहरुको लागि रु. २ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

३९. मानव अधिकार प्रवर्द्धन सम्बन्धी सचेतनामुलक कार्यक्रम, लैससास तथा लैङ्गिक उत्तरदायी बजेट  परीक्षणको लागि रु. २ लाख बजेट विनियोजन गरिएको छ।

४०. स्थानीय कला, भाषा संस्कृति पुरातात्विक सम्पदाको संरक्षणको लागि रु. २ लाख बजेट विनियोजन गरिएको छ।

४१. बाल उद्धार तथा पुनर्स्थापना कोष परिचालन, लैगिंक हिंसा तथा घरेलु हिंसाको कारण मानसिक तनावमा रहेका विपन्न वर्गहरु महिला बालवालिका किशोर किशोरीहरुलाई तनाव व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रमको लागि रु. २ लाख ६० हजार वजेट विनियोजन गरिएको छ।

४२. स्थानीय बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिको वैठक, वडा तथा पालिका स्तरीय वालसञ्जालका पदाधिकारीहरुलाई वाल विवाह न्यूनीकरण सम्बन्धी अभिमुखिकरण/ अभियान सञ्चालनको लागि एकमुष्ट १ लाख ९० हजार बजेट विनियोजन गरिएको छ ।

४३. पालिका स्तरिय महिला सन्जाल र एकल महिला सञ्जाल गठन तथा महिला समुह समिति गठन तथा पुनर्गठन र महिला सञ्जाललाई अभिमुखिकरण, हिंसाको कारण जोखिममा रहेका व्यक्तिहरुलाई उपाध्यक्ष घरदैलो परामर्श कार्यक्रम, पालिका स्तरिय बालमैत्री स्थानीय शासन समिति गठन र बैठक, बालमैत्री स्थानीय शासन सम्वन्धमा सरोकारवालारुलाई १दिने अभिमुखिकरणको लागि एकमुष्ट रु. ३ लाख बजेट विनियोजन गरिएको छ।

४४. बालमैत्री स्थानीय शासन कार्यान्वय गर्न कार्ययोजना सम्वन्धी कार्यशाला गोष्ठी, विपन्न महिलाहरुको लागि सिप विकास  कार्यक्रम, बाल क्लव बाल सञ्जालका पदाधिकारीहरुलाई योजना तर्जुमा सम्वन्धी कार्यशाता गोष्ठी/भेलाको लागि एकमुष्ट रु. ३ लाख बजेट विनियोजन गरिएको छ।

४५. विभिन्न संघ संस्थाहरुसँग साझेदारी, छोरी सम्मेलन, शहिद परिवार सम्मान कार्यक्रमको लागी रु. ३ लाख ५० हजार विनियोजन गरिएको छ।

४६. मागको आधारमा जनजाती विशेष कार्यक्रम तथा दलित विशेष कार्यक्रमको लागि रु. ३ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा

४७. स्थानीय पञ्जीकाधिकारी र जनप्रतिनिधिहरुलाई क्षमता विकास कार्यक्रमको लागि रु. २ लाख बजेट विनियोजन गरिएको छ।

४८. बैकसँगको सहकार्यमा सामाजिक सुरक्षा भत्ता घरदैलोमा पुर्याउने कार्यक्रमको लागि रु. २ लाख बजेट विनियोजन भएको छ।

४९. व्यक्तिगत घटना दर्ता सप्ताह, बालपोषण भत्ताको उपयोग सम्बन्धमा अभिभावकसँगको अन्तरक्रिया तथा सामाजिक सुरक्षा भत्ता नविकरणको  लागि एकमुष्ट रु. २ लाख बजेट विनियोजन गरिएको छ।

**पूर्वाधार विकास**

५०. ठुला आयोजना संचालनको लागि वातावरणीय प्रभाव मुल्यांकन (EIA ) वातावरणीय प्रभाव परिक्षण (IEE) र विस्तृत अध्ययन प्रतिवेदन प्रतिवेदन तयार (DPR) गरी दिगो तथा हरित विकास नीति कार्यान्वायन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

५१. स्थानीय सडक, पुल, यातायात, भवन, आवास तथा उर्जा लगायतका पूर्वाधार र मर्मत संभारको लागि एकमुष्ट रु. १ करोड ६० लाख बजेट विनियोजन गरिएको छ।

५२. समपुरक आयोजना अन्तरगत आ.वि. ज्यामिरेचौरको विद्यालय भवन निर्माण तथा वडा नं २ को वडा कार्यालय भवन निर्माणको लागि क्रमश: संघ तथा प्रदेश सरकारसँग साझेदारी गर्न रु. ७० लाख बजेट विनियोजन गरिएको छ।

५३. सबैको लागि दीगो खानेपानी, सरसफाइ तथा स्वच्छता परियोजना अन्तरगका खानेपानी संरचना निर्माण र अन्य कार्यक्रमहरुको लागि रु. ९० लाख बजेट विनियोजन गरिएको छ।

५४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका आयोजनाहरुसँग साझेदारी गर्न रु. १० लाख ४७ हजार बजेट विनियोजन गरिएको छ।

**वन वातावरण, विपद व्यवस्थापन र पर्यटन**

५५. विश्व वातावरण दिवस तथा वन संरक्षण सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालनको लागि रु. २ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

५६. सामुदायिक वन उपभोक्ता समितिलाई क्षमता विकास तथा वन उपभोक्ता समिति दर्ता अभियान सञ्चालन,  वन डढेलो नियन्त्रण तथा पूर्वतयारी सम्बन्धी कार्यक्रम तथा हरित विद्यालय तथा पालिका अभियान सञ्चालनको लागि रु. ४ लाख बजेट विनियोजन गरिएको छ।

५७. विपद व्यवस्थापन कोषमा एकमुष्ट रु. २५ लाख बजेट विनियोजन गरिएको छ।

**न्यायीक समिति र योजना कार्यान्वयन**

५८. सबै वडामा मेलमिलापकेन्द्र व्यवस्थापन तथा वडाहरुमा मेलमिलाप कर्ताहरुको लागि क्षमता विकास कार्यक्रम सञ्चालनको लागि रु. ६ लाख बजेट विनियोजन गरिएको छ।

५९. विपन्न नागरिकको लागि न्यायिक पहुँचमा सहयोग कार्यक्रम र अन्य न्यायीक समितिको कार्यक्रमको लागि रु. २ लाख बजेट विनियोजन गरिएको छ।

६०. बस्तीस्तरबाट योजना संकलन, प्राथमिकीकरण र छनौटको तथा योजनाको अन्य क्षमता विकास कार्यक्रमको लागि रु. २ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

**क्षमता विकास र संस्थागत सुशासन र सूचना सञ्चार**

६१. सार्वजनिक सुनुवाई, रेडियो कार्यक्रम, प्रचार प्रसार तथा सूचना सञ्चार आदिको लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

६२. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई AI सम्बन्धी विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

६३. गाउँपालिकाको website सञ्चालन, इमेल व्यवस्थापन, साइबर सुरक्षा र डेटा व्यवस्थापन, अत्यावश्यक सफ्टवेयर सञ्चालन, अनलाइन पोर्टल विकास,CCTV तथा सुरक्षा प्रणाली व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ।

६४. उत्कृष्ट कर्मचारी, उत्कृष्ट शिक्षक घोषणा तथा सम्मान कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरियको छ।

६५. बढ्दो मुल्यबृद्दी र बजारलाई मध्येनजर गर्दै गाउँपालिकाका करार कर्मचारीहरु तथा गाउँपालिका अनुदानका शिक्षक तथा कर्मचारीहरुको महंगी भत्ता स्वरुप आधारभुत तलवमा रु. २००० को दरले तलब बृद्दी गरिएको छ।

**संघ र प्रदेश सरकारका योजना कार्यान्वायन**

**समपुरक तथा विशेष अनुदान**

६६. संघीय समपुरक आयोजना अन्तरगत संघीय सरकार र दार्मा गाउँपालिकाको साझेदारीमा लक्ष्मी आ.वि ज्यामिरेचौर लागि ६२ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

६७. संघीय विशेष अनुदान अन्तगरगत पालिका पूर्ण सरसफाई क्रियाकलाप संचानको लागि रु. १ करोड ५ लाख बजेट विनियोजन भएको छ।

६८. प्रदेश समपुरक आयोजना अन्तरगत वडा नं २ को वडा कार्यालय भवन निर्माणको लागि रु. १ करोड ४१ लाख बजेट विनियोजन भएको छ।

६९. प्रदेश विशेष अनुदान अन्तरगत आधारभुत स्वास्थ्य सुधारको लागि स्वास्थ्य उपकरण, औषधि तथा प्रयोगशाला निर्माणको लागि रु. ३५ लाख बजेट विनियोजन भएको छ।

**प्रदेश शशर्त अनुदान तथा मुख्यमन्त्री रोजगार कार्यक्रम**

७०. नेपाल राष्ट्रिय मा.वि अधुरो भवन निर्माणको लागि १५ लाख प्राप्त भएको छ।

७१. धाँगीडाडा अँधेरीखोला कृषि सडक निर्माण दार्मा ५ को लागि रु. १५ लाख

७२. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत तपसिलको बजेट प्राप्त भएको छ।

क) भदालेखोला रुनढुङ्गा सिँचाइ कुलो निर्माण, दार्मा १, - रु १५ लाख

ख) मानिकाढुङ्गा तल्लो माथिल्लो सिँचाइकुलो निर्माण, दार्मा २ -रु. १५ लाख

ग) फारुलाबजार पर्यटन पूर्वाधार, दार्मा ३ -रु.१५ लाख

घ) खागलखोला जंगे सल्ला सिचाइकुलो निर्माण, दार्मा ४ -रु.१५ लाख

ङ) ब्राहथान पर्यटन पूर्वाधार निर्माण, दार्मा ५ -रु.१५ लाख

च) रतुवामारे चौरपानी खानेपानी निर्माण योजना ,दार्मा ६ -रु.१५ लाख

७३. यसरी संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदान बाट प्राप्त बजेट तथा सडक बोर्ड नेपाल र जिल्ला समन्वय समिति वा अन्य यस्तै निकायबाट बाट प्राप्त बजेट तोकिएकै शिर्षकमा कार्यान्वयन हुनेछ।

अन्त्यमा,

बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनुहुने गाउँपालिका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु , विषयगत समितिहरु, विज्ञ महानुभावहरु, राजनीतिक दलका प्रतिनिधि तथा संचारजगत, नागरिक समाज, विकास साझेदार लगायत सम्पूर्ण

गाउँबासी दाजुभाई तथा दिदिबहिनी एवं बजेट निर्माणमा खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु, धन्यवाद ।